# छत्रकोट गाउँपालिका

## गुल्मी

आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम

# छत्रकोट गाउँपालिका

## गुल्मी

## आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम

**सम्पूर्ण सभा सदस्यहरु,**

१. विश्वव्यापी महामारीको रुपमा मानव जगतमा त्रास सिर्जना गरेको कोरोना भाइरस संक्रमणको जटिल अवस्थामा **आठौ गाउँसभामा** उपस्थित भएका छौं ।

२. यस घडिमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण शहिदहरु प्रति सम्मान गर्दै भावपूर्ण श्रद्दान्जली टक्र्याउँछु, सम्पूर्ण अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछु ।

३. स्थानीय तह स्थापना पश्चातका **तीनवटा नीति तथा कार्यक्रमहरुको** सफल कार्यान्वयनबाट आम नागरिकको आवश्यकताहरुको परिपूर्ति गर्न तथा वास्तवमै जनताको नजिकको सरकारको अनुभुती दिलाउन सफल भएका छौं । नागरिक आवश्यकता परिपुर्तिका लागि स्थानीय सरकारको महत्व रहेको यथार्थतालाई व्यवहारबाट पुष्टी गर्न सक्षम भएका छौं ।

४. **कृषि,शिक्षा,स्वास्थ्य,पुर्वाधार-समृद्ध जनता हाम्रो प्रतिवद्धता** परिकल्पना साथ प्रथम देखि आठौं गाउँसभा सम्म आइपुग्दा पारित नीति र कार्यक्रम कार्यान्वयन गर्दा छत्रकोट गाउँपालिकाका सबै जन प्रतिनिधिहरु, कर्मचारी र छत्रकोट वासी सम्पूर्ण जनताहरु र सरोकारवाला सबैबाट प्राप्त पूर्ण सहयोग र तत्परताका लागि सम्पूर्ण प्रति सम्मान व्यक्त गर्दछु ।

५. आ.व. ०७४/७५, ०७५/७६ र ०७६/७७ मा प्रस्तुत नीति तथा कार्यक्रम र कार्यान्वयनबाट प्राप्त परिणाम समेतलाई हेर्दा छत्रकोटवासी बीच गरेको प्रतिवद्धतालाई पुरा गर्न हामीले गर्दै आएको प्रयत्न सम्पूर्ण छत्रकोटवासीले अनुभूति गर्नु भएको छ भन्ने महसूस गरेको छु।

६. एतिहासिक प्रमाणहरुका आधारमा **लिपुलेक, कालापानी र लिम्पियाधुरा** समेटेर नेपालको नक्सा जारी गरेकोमा नेपाल सरकार प्रति धन्यवाद व्यक्त गर्दछु ।

७. विकासलाई सहजीकरण गर्न तथा नागरिक अपेक्षालाई सहज ढंगबाट पुरा गर्न गठन गरिएका २८ वटै व्लकहरुलाई संस्थागत रुपमा विकास गर्दै लगिनेछ ।

८. हामीले नेतृत्व गरेको यस अवधीमा काठका पोलहरु मुक्त गाउँपालिका आजै यस सभाबाट घोषणा गर्दछु । ठुला खानेपानी योजनाहरु सञ्चालन गरी घरघरमा खानेपानी पुर्याउने हाम्रो लक्ष्य पुरा हुँदैछ। वडा कार्यालयहरुसम्म पुग्ने सडकलाई ८ मिटरको मापदण्ड बमोजिम विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । विद्यालयका भवनहरुको निर्माण कार्य धमाधम भैरहेका छन् ।

९. ४५६ जना व्यवसायिक कृषक तयार गर्ने कार्य अगाडी बढाइएको छ । कृषि तथा पशुपालनमा प्राविधक सहयोग, औजार उपकरण अनुदान कार्यक्रम, उत्पादनमा आधारित अनुदान कार्यक्रम तथा दुध उत्पादनमा अनुदान कार्यक्रमलाइ निरन्तरता गरेका छौ साथै यस वर्ष दुधमा आत्मनिर्भर गाउँपालिका घोषणा गरीने अभियान अगाडी बढाइने छ ।

अव म आ.व. ०७७/७८ को नीति तथा कार्यक्रम यस आठौ सभामा प्रस्तुत गर्दछु ।

**विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरुः**

**कोभिड-१९**

यस गाउँपालिकामा कोभिड-१९ बाट १ जना व्यक्तीको मृत्यु भएको प्रति श्राद्धाञ्जली व्यक्त गर्न चाहन्छौं । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ का कारण हाम्रो गाउँपालिका समेत प्रभावित बन्यो । यसको व्यवस्थापन गर्नका लागि नेपालभारत सिमाबाट यातायातका साधन व्यवस्थापन गरी क्वारेन्टाइनमा खाना स्वयंसेवक सुरक्षाको व्यवस्था गरी १४ दिन राखी र ७ दिन होम क्वारेन्टाइनमा बस्ने व्यवस्था गरिएको छ  र आर.डि.टी. तथा पि.सि.आर. परीक्षण गरी लक्षण देखिएकालाई आइसोलेसन कक्षमा राख्ने र आवश्यकता अनुरुप अन्य अस्पताल पठाउने कार्य गरिरहेका छौं । घरमै वस्नुपर्ने स्थितिको कारण तनावमा रहने युवाहरुलाई उत्पादनमा जोड्नुपर्छ भनेर मापदण्ड अनुसारको खाडल तयार गरी आउनेलाई कागती, सुन्तला, कफी लगायत मागका आधारमा विरुवा निःशुल्क रुपमा उपलब्ध गराउँदै आएका छौं । र विपन्न, गरीव र असहायलाई राहत वितरण कार्य सक्दो रुपमा अगाडी बढाएका छौं ।

प्रधानमन्त्री रोजगार कार्यक्रम र विकास निर्माण कार्य समेत वाट स्थानीय स्तरमा रोजगारी केही मात्रामा सिर्जना गरिएको तथा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम र गाउँपालिकाले गरेका उत्पादनमा आधारीत अनुदान कार्यक्रम जोडी **ट्याक्टर, मौरीघार, भकारो सुधार, soil cement, पोखरी निर्माण, बाख्रा वितरण,खोर सुधार, विउविजन** वितरण कार्यले उत्पादन वृद्धि हुनेमा विश्वास लिएको छु ।

कोभिड-१९ सिर्जना गरेका विविध चुनौतीहरुका विच परिवारका सदस्यहरु विच एकैठाउँमा बस्ने अवसर सृजना भएकोले यस अवस्थालाई स्वरोजगार तथा स्वनिर्भर बन्ने तर्फ उपयोग गर्न अवसरको रुपमा ग्रहण गर्ने नीति लिइएका छौं ।

कोरोना भाइरसका कारण क्वारेन्टाइन होम क्वारेन्टाइनमा बसेर संयमता देखाउने सबैजना नागरिकहरु,ब्लक स्तरिय समितिहरु, स्वास्थ्य सेवामा अनवरत खट्ने स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, सन्देश प्रवाह गर्ने सञ्चारकर्मी, राजनैतिक पार्टी, सामाजिक अभियान्ता, नागरिक समाज, वडा र क्लबस्तरका समिति स्वास्थ्य सामाग्री तथा अन्य राहतमा सहयोग गर्ने सहयोगी दाताहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति म प्रशंसा गर्दै हार्दिक आभार एवं धन्यवाद टक्राउँदछु ।

१. **स्वास्थ्यः**

- छत्रकोट गाउँपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र श्रृङ्गाको स्तरोन्नती भई १५ शैय्याको अस्पतालमा निर्माणको कार्य प्रारम्भ हुनेछ ।

- वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माणको प्रक्रिया अगाडी बढाईनेछ ।
- सामुदायिक स्वास्थ्य इकाई बोहा, झेर्दी, मनभाक, वोखर र नरम गरी ५ स्थानमा भवन बनाईनेछ ।
- सबै स्वास्थ्यकर्मीलाई रिफ्रेश तालिम व्यवस्था गर्दै प्रभावकारी स्वास्थ्य सेवा जनतामा पुर्याउन संभव सबै भएसम्मका उपाय अवलम्बन गरिनेछ ।
- कोरोना भाइरस (कोभिड-१९) र संभावित आकस्मिक हुन सक्ने स्वास्थ्यमा प्रतिकूल प्रभाव छाड्ने सबै प्रकारका रोगबाट संक्रमित हुन नदिन योजनावद्ध प्रकृयाहरु अवलम्बन गरिनेछ ।
- कोभिड-१९ का कारण स्वास्थ्य संस्थामा आएका समस्या र स्वास्थ्य सम्बन्धी प्रात तथ्यांक र थप अध्ययन गरी कार्यक्रम चलाइनेछ ।
- स्वास्थ्यका कर्मचारी एवं सबै  कर्मचारीको मनोवल उच्च रहने गरी तालिम र सेवा सुविधा बारे कामको आधारमा ध्यान पुर्याइनेछ ।
- औषधीको नियमित आपूर्ति गरिनेछ ।
- गाउँपालिकास्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक स्वास्थ्य सेवा सञ्चालन गर्ने विधिको निरन्तरता रहने छ ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृतको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन गरिनेछ ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा नियमन गर्ने एवं सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य सँस्थाको नियमन र अनुमति प्रदान गरिने छ । आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक कार्य अगाडी बढाइने छ ।
- **"असहाय स्वास्थ्य उपचार सहायता कोष"**को स्थापना गरीसकिएको छ र यसलाई निरन्तरता दिइनेछ । यस्तो कोषमा जुनसुकै व्यक्ति, सँस्थाले सहयोग गर्ने विद्यमान व्यवस्था कायम रहने छ ।
- सुगर र ब्लड प्रेसरका विरामीलाई लक्षित गरी **"गाउँपालिका सुगरप्रेसर पहिचान र न्यूनीकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।
- पूर्ण सँस्थागत सुत्केरी (No Home Delivery) गाउँपालिका बनाउने नीति यथावत छ । यसको लागि सबै स्वास्थ्य सँस्थामा वर्थिङ सेन्टर स्थापना गरी घरमै सुत्केरी हुने प्रचलनलाई अन्त्य गर्दै सँस्थागत सुत्केरी हुने व्यवस्था मिलाइने छ ।आगामी १ वर्ष भित्र No Home Delivery गा.पा. घोषणा गरिनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन गर्भवति झण्डा एवं पोषण कार्यक्रमको निरन्तरता रहनेछ ।
- स्वास्थ्य सँस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ पारिनेछ ।

- महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन रकम (Incentive Money) प्रदान गर्ने कार्यक्रमले निरन्तरता पाउने छ ।
- स्वास्थ्यकर्मीको माध्यमद्वारा विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने व्यवस्था यथावत रहने छ ।
- गुणस्तरीय उपचार सेवा प्रदान गर्न क्रमशः स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा बढाइने छ।
- मुटुरोग, मृगौलारोग, क्यान्सर, दम जस्ता गम्भीर प्रकृतिका रोगको बारे सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य विमा लागु गरिनेछ ।

२. <u>कृषि / पशुपालनः</u>

- यस वर्ष छत्रकोट गाउँपालिकालाई **"किसानको भरोसाको सरकार"** को रुपमा अगाडी बढाइनेछ ।
- **"सबै किसानको घरदैलोमा प्राविधिक सेवा-कृषि उपजमा टेवा"** भन्ने नारालाई सार्थकता प्रदान गरिनेछ ।
- **"छत्रकोट गाउँपालिकाको पहिचान उँखु उत्पादन हाम्रो सान"** भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक वडामा एक उत्पादन एक पहिचान हुनेगरी निम्न कार्यक्रम ल्याइनेछ ।
- **वडा न १-तरकारी ,वडा न २ -वगँर पालन, वडा न ३-भैसी पालन, वडा न ४ - भैसी पालन, वडा न ५ -केरा , वडा न ६ — बाखा**
- सुन्तला, उखु, कागती, कफी, भुँइकटहर, केरा लगायतका नगदे बालीहरु उत्पादनमा विशेष जोड दिईनेछ ।
- कोरोना भाइरसका कारण स्वदेश फर्केका व्यक्तिहरुलाई लक्षित गरेर कृषि पशुपालन कार्यक्रम राखिनेछ ।
- घुम्ती प्रयोगशाला बाट माटो परीक्षण गरी पकेट क्षेत्रको घोषणा कार्यक्रमहरु अगाडी बढाइनेछ ।
- विगतमा खेती गरेको तर बाँझिएको जग्गाको विवरण तैयार गरी बाँझो जग्गालाई उत्पादनमा लैजाने कार्यक्रम ल्याईनेछ ।
- आ.व. ०७७/०७८ लाई कृषि वर्षको रुपमा कार्यक्रमहरु लक्षित गरिनेछ ।
- अधिकांस नागरिकले कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको यस गाउँपालिकामा परम्परागत र निर्वाहमूखि खेति प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ उन्मूख गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक बृद्धि गरी कृषिजन्य उत्पादनको आयातलाई न्युनीकरण गर्दै निर्यात बढाई कृषकको आय आर्जनमा बृद्धि गर्ने नीतिलाई निरन्तरता प्रदान गरिने छ ।
- कृषि तथा पशुपालन पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्दै निश्चित मापदण्डको आधारमा व्यवसायिक किसानहरुलाई क्रमशः**"क", "ख" र "ग"** वर्गमा बर्गिकरण गरी यस वर्ष देखि लागु गरिनेछ ।

- उत्कृष्ट किसान (क वर्ग) को मापदण्ड पुरा गर्ने किसानलाई "किसानपेन्सन"को व्यवस्था गरिनेछ । क्रमशः'क' हरियो, 'ख' निलो र 'ग' पहेलो कार्ड किसानलाई दिइनेछ, किसानको उमेर, उत्पादन कार्यमा लाग्ने समय, उत्कृष्ट बन्न गर्नुपर्ने उत्पादन र अन्य मापदण्ड बनाइएको छ।
- कृषि बीउविजन, मल र औषधिहरुको आपूर्ति र नियमन गरिनेछ । व्यावसायिक कृषकहरुलाई आधुनिक औजारहरु उपलब्ध गराउँदै थप व्यवस्थित गरिनेछ ।
- अर्गानिक खेतिलाई प्रोत्साहित गरिनेछ ।
- छत्रकोट ५ मा **"ढुंगे देउराली वागवानी"** का लागि बजेट विनियोजन गरी कृषकहरु समेतको सहभागितामा वागवानी संचालन कार्यविधि बनाई वागवानीको कार्य प्रारम्भ गरिएको छ र यसले निरन्तरता पाउनेछ ।
- कृषि र पशु विमा कार्यक्रम लागु गरिनेछ ।
- उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिदै अनुदान उत्पादन कै आधारमा दिने तर्फ जोड दिइनेछ।
- उन्नत जातका पशुपालन गरी कृषकको आय आर्जनमा वृद्धि गर्ने नीति लिइने छ ।
- व्यावसायिक पशुपालनको मापदण्ड निर्धारण गरी उत्प्रेरणा, अनुदान र सहजीकरण गर्ने कार्य प्रारम्भ भइसकेको छ ।

## ३. <u>शिक्षा</u>

- गाउँपालिका स्तरमा **"गाउँशिक्षा समिति"** गठन गरी कार्य प्रारम्भ भईसकेको र एक **"शिक्षासल्लाहकार बोर्ड"** समेत गठन गरिनेछ।
- शिक्षा क्षेत्रको समग्र गुणस्तरको तीव्र सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइदै आत्मवोध मा.वि. मा प्राविधिक शिक्षा सचालन भैसकेको र श्रृङ्गामा प्राविधिक शिक्षा संचालन प्रकृया अगाडी बढाइनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयहरुमा पुस्तकालयको व्यवस्था प्रारम्भ भएकोमा थप व्यवस्थित गरिने छ ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारमा विशेष ध्यान दिइने छ ।
- अङग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लागु गरेका छौं साथै निरन्तरता दिइने छ ।
- विद्यार्थीहरु विच **Learning by Doing and Doing by Learning** को अवधारणा ल्याइनेछ ।
- विद्यालयको भौतिक पक्षको सुधारमा विशेष ध्यान दिदै आएका छौं । प्रा.वि. तह १२, आधारभूत तह १६ र मा.वि तह २० कोठा न्यूनतम पुर्याउने गरी कार्यलाई निरन्तरता दिइने छ ।
- शिक्षाको गुणस्तर वृद्धि र व्यवस्थापनमा सहयोग गर्न शिक्षा प्रेमि, शिक्षविद, प्राज्ञ, विश्वविद्यालयका विद्यार्थीहरु आदिलाई स्वेच्छिक स्वयं सेवा गर्ने अवसर प्रदान गरिने छ ।

- **एक शिक्षक कक्षा एक शैक्षिक सामग्रीको** अवधारणा ल्याइनेछ ।
- गाउँपालिका र विद्यालय बीच शैक्षिक गुणस्तर अभिवृद्धि एवं भौतिक संरचनागत पक्ष समेतको व्यवस्थापन र नियमन गर्न गरिएको ५१ बुँदाको प्रतिवद्धतालाई व्यवहारमा लागु गर्ने नीतिले निरन्तरता पाउनेछ । उक्त बुँदाहरु अद्यावधिक गर्दै लगिने छ ।
- **एक विद्यालय एक योगा शिक्षकको अवधारणा** अगाडी बढाइनेछ ।
- सीमान्तकृत र विपन्न कुमाल, बोटे, मुस्लिम, दलित, उत्पिडित समुदाय र पढाइबाट बञ्चित भएका वालवालिकालाई पढाइ लेखाइको लागि थप उपयुक्त वातावरण सृजना गरिने छ ।
- उत्कृष्ट कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, प्रधानध्यापक, शिक्षकहरुको कार्य उत्प्रेरणा बढाउने कार्य गरिने छ । साथै पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ लागु गरिने छ ।
- मापदण्ड अनुसार तोकिएको विद्यार्थी संख्या नपुगेका विद्यालयलाई दुर्गमता समेतको अवस्थालाई ध्यान पुर्याई गाभिने छ।
- वाल विकास सहयोगी कार्यकर्तालाई दिईने पोशाक भत्तालाई निरन्तरता दिइनेछ ।
- **"शिक्षा विकास योजना गुल्मी"** कार्यान्वयनमा जोड दिइनेछ ।
- विपन्न परिवारको प्रतिभावान विद्यार्थीलाई छात्रवृति प्रदान गरी स्वास्थ्य एवं अन्य प्राविधिक शिक्षाका लागि सहयोग गर्ने नीति लिइनेछ ।
- **Child Dedicate and Learning Device** मा विद्यार्थी केन्द्रित गरिनेछ ।

४. <u>खानेपानी तथा सरसफाई</u>

- गाउँपालिका भित्रका प्रत्येक घरका भान्सा-भान्सामा सफा खानेपानी पुर्याउने कामको निरन्तरता रहने छ ।
- यस गा.पा. भित्रका ठूला खा.पा. आयोजना हुँगा, पल्लिकोट र धरमपानीका पानी खसिसकेको र दौंघामा अन्तिम चरणमा पुगेकाले यसै वर्ष सम्पन्न गरिनेछ ।
- **"गुल्मी वृहत पम्पिङ्ग खानेपानी आयोजना"** (छत्रकोट ५ को पुरा र ३ को केहि भाग समेट्ने) योजनालाई आगामी वर्ष देखि कार्यान्वयनमा ल्याइनेछ । उपभोक्ताको तर्फबाट वेहोरिने बजेटको व्यवस्था गरिनेछ ।
- खानेपानीका योजनाहरु संचालन गर्दा आवश्यकताको आधारमा सहलगानीको नीति लिइने छ ।
- पानीका मुहान र स्रोत संरक्षणमा विशेष ध्यान दिईँदै सम्पन्न खानेपानी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।
- मापदण्ड पुरा गरेका वडाहरुलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गर्दै अन्तत छत्रकोट गाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका बनाइनेछ ।
- प्रत्येक घर परिवारलाई आफ्नो फोहर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिने छ ।

## ५. <u>सिंचाई</u>

- **"कृषिको मूल आधार सिंचाईमा पूर्वाधार"** को अभियानलाई सार्थकता प्रदान गरिनेछ ।
- सिंचाई प्रणालीको निर्माण, संचालन र व्यवस्थापन गरी उपभोक्ताहरुसंगको सहकार्यमा मर्मत संभारको व्यवस्था मिलाइने छ ।
- परम्परागत ढंगले सिंचित भइ आएका जग्गाहरुको कुलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढिने छ ।
- सिंचाई क्षेत्रका साना मझौला र वृहत सिंचाई योजनाहरुको बर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।
- रिडी खोला बाट मनभाक अगाहा लिफ्ट सिंचाई प्रारम्भ गर्ने ।
- खर्ज्याङ्ग खोलामा बोरिङ बाट पानी निकाली सिंचाई गर्ने प्रयत्न गरिनेछ ।

## ६. <u>सडक, यातायात</u>

- आ.व. २०७६/०७७ लाई सडक वर्ष घोषणा गरी सफलतापूर्वक कार्य सम्पादन गरिएको छ, ताग्ला-ताग्लामा मोटरबाटो पुर्याउने नीति यस वर्ष पूर्णता प्रदान गरिनेछ ।
- गाउँपालिका भित्र सडकको वर्गिकरणनिम्नानुसार मापदण्डमा निर्धारण गरी सकिएकोले यसै अनुसारका सडकहरु निर्माण गर्दै लगिने छ ।

  क) टोल स्तरीय सडक — ३ मीटर चौडाई

  ख) स्थानीय सडक — ४ मीटर चौडाई

  ग) ग्रामिण सडक — ५ मीटर चौडाई

  घ) गाउँपालिका स्तरीय सडक — ६ मीटर चौडाई

  ङ) अन्तर गाउँपालिका सडक — ८ मीटर चौडाई

- गाउँकार्यपालिका कार्यालयदेखि सबै वडा कार्यालय सम्म पुग्ने मोटर बाटोको ग्रेड सुधार तथा स्तरोन्नति कार्य सम्पन्न गरिसकिएको छ उक्त सडकहरुलाई क्रमश कालोपत्रे गरिने नीति लिइने छ ।
- छत्रकोट चक्रपथ निर्माणको लागि बजेट विनियोजन गरी बोलपत्र आह्वान गरिसकिएको छ र ६ मिटर चौडाईको मापदण्ड अनुसार ०७७।०७८ मा निर्माण कार्य प्रारम्भ गरिनेछ ।
- दुर्घटना न्यूनिकरण गर्दै छत्रकोट गाउँपालिकालाई शुन्य दुर्घटना क्षेत्र बनाइने छ । यसको लागि सडकहरुको सुदृढिकरण गर्ने, प्राविधिक हिसावले उपयुक्त सवारी साधनहरुको संचालन गर्ने र व्यवसायी, चालक तथा सहचालकलाई आवश्यक अभिमुखिकरण गरिने छ र ट्राफिक नियम सम्बन्धी होडीङ बोर्डहरु राखिनेछ ।

## ७. सेवा प्रवाह

- "**स्थानीय नागरिकको खुसी नै हाम्रो सन्तुष्टी**" भन्ने नारालाई आत्मसाथ गरिनेछ ।
- "**भ्रष्टाचारमा शुन्य सहनशीलता**" को नीति अबलम्बन गरिनेछ ।
- पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सेवा प्रवाहको प्रवन्ध मिलाइने छ ।
- नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतिय शासन जस्ता सेवा प्रवाहका नविनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ ।
- स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुलाई नयाँ तरिकाले सेवा प्रवाह गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ ।
- अफ्ठ्यारो तथा असहज अवस्थामा पनि जनताको सेवामा समर्पित हुने नै सार्वजनिक प्रशासन हो, त्यसकारण अनिवार्य उत्कृष्ठ कर्मचारी घोषणा कार्यक्रम एवं कर्मचारीको मनोवल उच्च राख्न प्रोत्साहन भत्ता, आन्तरिक भ्रमण, नविनतम तालिम लगायत आवश्यक अन्य व्यवस्थाहरु प्रबन्ध गरिनेछ ।
- गाउँपालिका भित्र रहेका संचार माध्यमबाट आवधिक रुपमा गाउँपालिका सम्बन्धी कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने कामलाई निरन्तरता दिइनेछ ।

## ८. लक्षित वर्ग

- महिला, वालवालिका, दलित, विपन्न वर्ग, आदिवासी जनजाति, अल्पसंख्यक, (वोटे, माझी, कुमाल, मुस्लिम) लगायतका लक्षित वर्गको लागि चेतना अभिबृद्धि, आय आर्जन, रोजगार तथा सीपमूलक कार्यक्रममा विशेष ग्राह्यता दिइनेछ ।
- बालमैत्री तथा अपाङ्ग मैत्री कार्यक्रम ल्याइनेछ ।
- एकल महिला र पुरुषलाई सहयोग गर्ने निती लिईने छ । यो वर्ष कार्यविधि बनाई लागु गरिनेछ ।
- बाल विवाह र छुवाछुत विरुद्धको अभियान चलाइने छ ।
- दलित समुदायका परम्परागत पेशा सरक्षण, प्रोत्साहन तथा आधुनिकिकरण कार्यको प्रारम्भ गरिएको छ र यसलाई निरन्तरता प्रदान गरिनेछ ।
- विपन्न परिवारका नवजात शिशुलाई जीवन विमा प्रारम्भ गरिनेछ ।
- ६ वटा वडामा रहेका १-१ वटा महिला समुहलाई लघु उद्यम सञ्चालनका लागि वीउँ पुजी उपलब्ध गराइनेछ ।

## ९. युवा तथा खेलकुद

- "**युवालाई काम दिने घरघरमा आम्दानी**" नीति अनुरुप युवा लक्षित गतिविधि र युवा रोजगारीलाई विशेष ग्राह्यता दिई कार्यक्रम बनाई अगाडी बढाइने छ ।

- खेलाडीहरुको क्षमता अभिवृद्धि प्रादन गर्न विशेष प्रशिक्षकहरुको व्यवस्था गरी प्रशिक्षण कार्य अगाडी बढाइनेछ ।
- आ.व. ०७४।०७५ को नीति अनुसार गाउँपालिकाका सबै वडाहरुमा खेलको लागि खेलकुद मैदानहरु निर्माण गरिएको छ र आगामी वर्षमा थप आवश्यक मैदानको निर्माण, स्तरोन्नती र संरक्षण गरिनेछ । **बुढाचौर, खर्ज्याङ्ग, दिगाम र हुँगा** खेल मैदानलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको श्रृङ्गामा खेलकुद कवर्ड हल निर्माण गरिने छ ।
- हरेक वडामा व्याडमिन्टन कोर्ट बनाउने नीति अनुरुप नबनेको वडामा यसै वर्ष सम्पन्न गरिनेछ र सबै मा.वि. र आधारभूत तह सम्मको विद्यालयहरुमा खेलकुद शिक्षकहरुको व्यवस्था गरिनेछ ।
- खेलकुद प्रवर्द्धन समिति गठन गरी काम भईरहेकोलाई थप व्यवस्थित गरिनेछ ।
- कलबहरुलाइ खेलकुद सामाग्रीको ब्यवस्था गरीदै लगिनेछ ।

## १०. <u>संचार</u>

- दौंघा र पल्लिकोटमा नेटवर्कको स्तर वृद्धि गर्ने कार्य सम्पन्न गरिनेछ ।
- आवश्यकता पहिचान गरी संचार प्रविधि (WI-FI) लाई नागरिक समक्ष पुर्याइनेछ ।
- वडा र गाउँपालिकालाई प्रविधिमय बनाउनेछ ।

## ११. <u>उर्जा</u>

- सबै सार्वजनिक स्थानहरुमा सोलार जडान गरी "**उज्यालो छत्रकोट**" अभियानलाई यसवर्ष पूर्णता दिइनेछ ।
- छत्रकोट उर्जा पलान बनिसकेकोले बैकल्पिक उर्जा प्रवर्धन केन्द्र तथा अन्य सहयोग दाताहरुको सहयोगमा उज्यालो छत्रकोट अभियानलाई अगाडी बढाइनेछ ।

## १२. <u>तथ्याङक अभिलेख</u>

- गाउँपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिने छ ।
- छत्रकोट गाउँपालिका भित्र सबै घरधुरीको सर्वेक्षण गरी आय अवस्था यकिन गरिनेछ र प्रत्येक नागरिकको औषत आयको स्थिति पहिचान गरिनेछ ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइने छ ।
- गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्वीक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरिने छ ।
- स्थानीय तहको सबै तथ्याक लिई सघीय सरकारको कार्यक्रम अनुसार गाउँपालिकाको सबै क्षेत्रको तथ्याक लिने र विगतमा भएका तथ्याकलाइ अध्यावधिक गदै जाने नीति लिइनेछ ।

## १३. बजार व्यवस्थापन र आपूर्ति

- बजार व्यवस्थापन समितिहरुसँगको सहकार्यमा उपयुक्त मूल्यमा गुणस्तरीय सामाग्रीहरुको आपुर्तिको प्रवन्ध मिलाइनेछ ।
- बजार अनुगमन गर्ने कार्यलाई नियमित बनाई उपभोक्ताको अधिकार सुनिस्चित गरिनेछ ।
- स्थानीय वस्तुको प्रयोगमा प्राथमिकता दिने नीति लिइने छ।

## १४. वन वातावरण जैविक विविधता

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, खनिज पदार्थ, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी नीति कानून, मापदण्ड निर्धारण, योजना बनाई कार्यान्वयन र नियमन गरिने छ ।
- जैविक विविधताको संरक्षण र सम्वर्दन गर्दै जैविक विविधतालाई आय आर्जनको माध्यमका रुपमा उपयोग गर्न स्थानीयसँग सहकार्य गरिनेछ ।
- जडिवुटी खेतीको सम्भाव्यता अध्ययन गरी सामुदायिक वनहरुमा जडिवुटी खेती गर्न सामुदायिक वन उपभोक्ता समितिहरु सँग सहकार्य गरिनेछ ।
- मानव वन्यजन्तु द्वन्द विशेष गरी बाँदर, बँदेलबाट कृषकहरुले वेहोर्नुपरेको क्षति न्युनीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विकास निर्माण कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिएर गरिनेछ । मोटरबाटोको किनारामा हरियाली प्रवर्दन गर्न वर, पीपल लगायतका वहुवर्षीय विरुवा रोपण कार्य अगाडी बढाइनेछ ।
- रिजार्च पोखरीहरुको मर्मत तथा नयाँ रिचार्ज पोखरीहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- जलाधार क्षेत्र पहिचान गरि संरक्षण गरिने छ ।
- सामुदायिक वन, धार्मिक वन, सरकारी वन र निजि वन संरक्षण गर्ने नीति लिईने छ । वन व्यवस्थापनको दिगोपनमा ध्यान दिइनेछ।

## १५. सहकारी

- सहकारी सस्था सम्बन्धी स्थानीय नीति, कानून निर्माण तथा विषय क्षेत्रगत मापदण्डको निर्धारण तथा कार्यान्वयन एवं नियमन गरिने छ ।
- एक व्यक्ति एउटा मात्र विषयगत सहकारी संस्थाको सदस्य रहने व्यवस्था कार्यान्वयनका लागि अनुगमन तथा नियमनलाई प्रभावकारी गराइनेछ ।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङघ सँस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।
- छत्रकोट भित्रका सबै सहकारीहरुको प्रतिनिधित्व हुनेगरी छत्रकोट विशिष्टकृत सहकारी संस्था लिमिटेड बनाई बाँझो जग्गालाई उत्पादनमा लैजाने कार्य प्रदेश सरकार संगको सहकार्यमा गरिनेछ।

## १६. जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति र असक्त व्यवस्थापन

- जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, असहाय, बेबारिसे र असक्त व्यक्तिहरुलाई सहयोग र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुष्ता हस्तान्तरण गर्ने कार्यको थालनी गरिनेछ ।
- अपाङगता भएका व्यक्तिहरुलाई अशक्तताको आधारमा चौमासिक रुपमा परिचयपत्र वितरण गर्ने कार्य गरिनेछ र वार्षिक रुपमा अपाङ्गता परिचय पत्रको नविकरण गर्ने व्यवस्था निरन्तर गरिनेछ । यस आर्थिक वर्षबाट शुरु गरिएको ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिलाई गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## १७. मानव संसाधन तथा रोजगारी

- **"पालिकामै सीप पालिकामै रोजगारी"** भन्ने अभियानका साथ वैदेशिक रोजगारीबाट फर्केका, रोजगारीको खोजीमा रहेका र क्वारेन्टाइनमा बसेका युवा जनशक्तिको विवरण तथा उनीहरुमा भएको सीप र दक्षताको अभिलेख रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी उनीहरुलाई स्थानीय स्तरमा कृषि उद्योग तथा विकास निर्माणका कार्यमा आवद्ध गरी आय आर्जनमा जोड दिइनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रम मार्फत रोजगारी प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## १८. विपद व्यवस्थापन

- विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ । जोखिमयुक्त स्थानहरुको पहिचान गरी संरक्षणमा जोड दिइनेछ ।
- विपद व्यवस्थापन कोषमा आवश्यक रकमको प्रबन्ध गरिनेछ । स्थानीय विपद व्यवस्थापन कोषमा सहयोग गर्न इच्छुक व्यक्ति, संघ संस्थाहरुबाट सहयोग लिइने कार्य निरन्तर गरिनेछ ।
- प्रत्येक वडामा रहेका स्वयंसेवक आकस्मिक उद्दार टोलिलाई आवश्यक तालिम र सामाग्रीको उपलब्धता गराइनेछ ।
- पूर्वाधार विकास कार्यक्रम संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रिन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन र इस्टीमेट गर्ने व्यवस्था मिलाइने छ ।

## १९. भाषा संस्कृति कला

- सबै समुदायको भाषा सँस्कृतिको संरक्षण कलाको विकास र विशेष गरी अल्पसंख्यामा रहेका कुमाल बोटे र मुस्लिम सँस्कृतिको संरक्षण र उत्थान गरिनेछ ।
- छत्रकोट भित्रका सरायँ नाँच,मारुनी,लाखे,देउसी, तिज गित,सोरठी,पन्चेबाजा,भजन, किर्तन लगायतका संस्कृती प्रर्वधन गर्ने निती लाई निरन्तरता दिइने छ ।
- वृद्धहरुलाई मन्दिरसँग जोडेर विश्रामस्थल नाचगान, भजन कृतन, छलफल गर्ने स्थानको रुपमा विकसित गर्दै लगिने छ ।

- छत्रकोट संग्रहालयको प्रारम्भ गरिने छ।
- छत्रकोट मन्दिर समेतका अरु महत्वपूर्ण, ऐतिहासिक मन्दिर पौवाहरुको संरक्षण नीतिलाई निरन्तरता दिइनेछ ।

२०. **पर्यटन**

- गुँड र खुदोलाई पर्यटकीय कोशेलीको रुपमा विकास गरी होमस्टे कार्यलाइ निरन्तरता दिइनेछ ।
- कृषि, पशु, धार्मिक, सांस्कृतिक केन्द्र तथा View Tower लाई पर्यटन सँग जोडी Eco-Tourism को अवधारणा ल्याइनेछ ।
- छत्रकोट क्षेत्र लगायत गाउँपालिका भित्रका सबै पर्यटकिय स्थान ,मन्दिरहरुको ,ऐतिहासीकता खोजी गरि पर्यटकीय आकर्षक गाउँपालिकाको रुपमा विकास गरिने छ ।
- छत्रकोट संग्राहलयको स्थापना गरी पर्यटकीय दृष्टिकोणबाट अगाडी बढाइनेछ ।
- छत्रकोट ४ दिगाम घलाममा निर्माणाधीन मौलीपोखरा ताल निर्माणको कार्य निरन्तरता दिदै उक्त ताल र वरिपरिको क्षेत्रलाई पर्या पर्यटकीय आकर्षक स्थानको रुपमा विकास गरिने छ ।

२१. **राजस्व**

- सबैभन्दा बढी कर तिर्ने तीनजना नागरिकलाई पुरस्कृत गरिनेछ ।
- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्धन गरिने छ ।
- करको दायरालाई फराकिलो बनाइने छ ।

२२. **सार्वजनिक सम्पत्ति संरक्षण**

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो को संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ ।
- गाउँपालिकाभित्रका सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी त्यसको संरक्षण गरिने छ ।
- सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजांय र संरक्षण गर्नेलाई पुरस्कृत गरिने नीती लिईने छ ।

२३. **शान्ति सुरक्षा**

- नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत सुरक्षा निकायहरुसँगको सहकार्यमा गाउँपालिका क्षेत्रमा शान्ति सुरक्षा कायम गरिने छ ।
- तास, जुवा तथा मदिरा नियमन गर्ने नीती लिईने छ ।
- नगर प्रहरीको व्यवस्था गरीनेछ ।

२४. **उद्योग**

- कृषिको उत्पादनलाई लघु, घरेलु तथा साना उद्योग तर्फ रुपान्तरण गर्नको लागि उद्यम विकास तालिम तथा  एडभान्स तालिम प्रदान गरीने छ ।
- दौंघामा प्रयाप्त ढुङ्गा भएकोले समुचित प्रयोगका लागि सम्भाव्यता अध्ययन गरिने छ।

२५. <u>भू-उपयोग नीति</u>

- नेपाल सरकार बैज्ञानिक र व्यवहारिक भू-उपयोग नीति बनाइ लागु गरिने छ ।
- उत्पादनशील बाँझो जग्गालाई उत्पादन तर्फ लैजाने कार्यक्रम ल्याइने छ ।
- खर्ज्याङ्ग खोला, रिडी खोला, बडिघाट खोला समेतका खोला क्षेत्रका जग्गाहरुको अवस्थाको पहिचान गरी व्यवस्थित परियोजना निर्माण गरि जग्गा प्रयोगमा ल्याइने छ ।
- खर्ज्याङ्ग खोला बगर जग्गा प्रयोग गरी उत्पादन बढाउनको लागि डि.पि.आर. तयार गरी अगाडि बढिनेछ ।

२६. <u>आवास</u>

- पक्की संरचना निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- भुकम्प प्रतिरोधी भवन/घर निर्माण गर्ने नीति लागु गरिने छ । भुकम्प प्रतिरोधि घर निर्माणको लागि स्थानीय सिकर्मी डकर्मीहरुलाई तालिम दिने कार्यको निरन्तरता हुनेछ ।
- बोटे कुमाल लगायतका लक्षित वर्गहरुको आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ साथै सुकुम्बासीहरुलाई पूर्णरुपमा यसै वर्ष भित्र आवासको व्यवस्था गरिनेछ ।

२७. <u>विविध</u>

- निजि सहकारी र सरकारी साझेदारी फर्महरु संचालन गर्ने नीति लिइने छ ।
- छत्रकोट गाउँपालिकाको योजनावध्द विकासको लागि आवधिक योजना तथा २० वर्षे गुरु योजना बनाई विकासको कार्यलाई व्यवस्थित रुपमा अगाडी बढाउने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको आवश्यकताको आधारमा विभिन्न आयोग, सल्लाहकार समिति गठन गर्दै लगिने छ, यसै सभाबाट गाउँपालिका स्तरीय विज्ञहरुको प्रतिनिधित्व हुने गरी सल्लाहकार बोर्ड गठन गरिनेछ ।
- छिमेकी गाउँपालिकाहरुसँग मित्रवत सम्बन्ध कायम गर्ने तथा आपसी चासोका विषयहरुमा समन्वय र सहकार्य गरी अघि बढिने छ ।
- नेपालको ७ प्रदेशका १/१ वटा गाउँ/नगर पालिकासँग मितेरी सम्बन्ध कायम गरी अनुभवको आदान प्रदान तथा भाइचाराको सम्बन्ध स्थापित गरिने छ, प्रदेश नं. ३ को टोखा न.पा.सँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिसकिएको छ । यस्तो सम्बन्ध अन्य स्थानीय तहसँग समेत क्रमशः विकसित गर्दै लगिने छ ।
- छत्रकोटमा उत्पादित विशेष वस्तुलाई संग्रहालयमा राख्ने व्यवस्था गरिने छ ।
- गा.पा. र वडा कार्यालयहरुको भवन बनाउने प्रयत्नमा विशेष ध्यान दिइनेछ । वडा नं. ३ को भवन निर्माण कार्य प्रारम्भ भैसकेको र वडा नं. १ र ५ को वडा कार्यालय भवन आगामी वर्ष प्रारम्भ गरिने छ ।

- कतिपय योजनाहरुमा विनियोजित रकम नपुग हुन गएकोहरुमा अपुग हुनका कारण सार्वजनिक गरी उक्त प्रतिवेदन सहित सम्बन्धित वडाको निर्णय समेत गरी गाउँपालिकामा पेश गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकारको कामलाई नजिकबाट नागरिकले ध्यान पूर्वक हेरेका छन् भन्ने सच्चाईलाई आत्मसाथ गरी अघि बढिनेछ ।

**वित्तीय सुशासन तथा उत्तरदायित्व**

- सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र सार्वजनिक जवाफदेहीता बमोजिम अधिकतम उपादकत्व प्राप्त गर्ने गरी खर्च गरिनेछ ।
- चौमासिक खर्चको लक्ष्य प्राप्तिमा जोड दिइनेछ ।
- स्व-अनुशासनद्वारा वित्तीय अनुशासन कायम गरिनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाइनेछ ।
- सरकारी सम्पत्तिको संरक्षण गर्ने तथा अभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ ।
- उल्लेखित नीतिहरु नेपालको सविधान, सघ, प्रदेशको कानुनसगँ नबाँझिने हद सम्म लागु हुनेछ ।
- विगत केहि दिन देखि लगातार आइरहेको अविरल वर्षाको कारण छत्रकोटवासीमा पर्न गएको अतुलनीय क्षतिप्रति छत्रकोट गाँउपालिका गम्भिर छ, यस क्षतिले पारेको मर्कालाइ विशेष प्राथमिकता दिदै स्थानीय सरकार लागि रहने छ ।

- आ.व. ०७४।०७५, ०७५।०७६ र ०७६।०७७ मा गरिएको कार्यमा छत्रकोटवासी र सरोकारवाला सबै पक्षले पुर्याएको सहयोग र सहायताको खुलेर प्रसंशा एवं सहयोग पुर्याउने सबैलाई सम्मान व्यक्त गर्दछु ।
- आगामी दिनमा छत्रकोटवासी सम्पूर्ण वुवाआमा दाजुभाइ दिदीबहिनीको सुख सम्वृद्धिको लागि भावी पुस्ताको निम्ति नमूना र सम्वृद्ध छत्रकोट बनाउन सम्बद्ध सबै पक्षबाट पूर्ण सहयोग हुने अपेक्षा र विश्वास लिएको छु ।

धन्यवाद!!

**मधुकृष्ण पन्त**
अध्यक्ष
छत्रकोट गा.पा., गुल्मी

मितिः २०७७।३।१०